# रोल्पा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लिवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

नगर उप-प्रमुख श्री गीता आचार्यद्वारा १९ औं नगर सभामा प्रस्तुत

# आर्थिक वर्ष २०८३/०८४ को
# बजेट वक्तव्य

रोल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लिवाङ, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल
मिति २०८३/०३/१०

आदरणीय नगरसभाका सभाध्यक्ष ज्यू,

नगरसभाका सम्पूर्ण सदस्य ज्यूहरू, सभाका सचिव ज्यू, विभिन्न सञ्चार माध्यमबाट प्रत्यक्ष प्रसारण हेरिरहनुभएका तथा रेडियोबाट सुनिरहनुभएका सम्पूर्ण आदरणीय नगरवासी दिदीबहिनी तथा दाजुभाइहरू एवं उपस्थित महानुभावहरू।

१. रोल्पा नगरपालिकाको नगर उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय १९ औं नगर सभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित हुन पाउँदा मलाई गौरवको अनुभूति भएको छ।

२. यस ऐतिहासिक अवसरमा मुलुकको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र, सामाजिक न्याय र परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, परिवर्तनकारी आन्दोलनहरूको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दै घाइते, बेपत्ता एवं पीडित परिवारजनमा उच्च आदर प्रकट गर्दछु।

३. नेपालको संविधानमा निर्देशित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, सङ्घीय र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, चालू आवधिक योजना, दिगो विकासका लक्ष्यहरू, सङ्घीय, प्रादेशिक तथा स्थानीय ऐन, कानुन र कार्यविधिहरूलाई मार्गदर्शन मान्दै यसै सम्मानित नगरसभाबाट स्वीकृत नगर सरकारको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी यो बजेट तर्जुमा गरिएको छ।

४. प्रस्तुत बजेटले “रोल्पा नगर सुशासन र समृद्धिको आधार: कृषि, शिक्षा, पर्यटन र पूर्वाधार” भन्ने मूल नारालाई आत्मसात् गरेको छ। यस बजेटले सुशासनलाई आधार, कृषिलाई उत्पादन र आयआर्जनको मेरुदण्ड, शिक्षालाई मानव पूँजी निर्माणको माध्यम, पर्यटनलाई स्थानीय अर्थतन्त्रको सम्भावना र पूर्वाधारलाई समृद्धिको आधारस्तम्भका रूपमा अगाडि बढाउने लक्ष्य लिएको छ।

५. प्रस्तुत बजेट रोल्पा नगरवासीको तीव्र विकास चाहनालाई सम्बोधन गर्दै सबै वडाको समन्यायिक र सन्तुलित विकासलाई दृष्टिगत गरी तयार पारिएको छ। शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार, सूचना प्रविधि, सुशासन, विपद् व्यवस्थापन र सामाजिक समावेशीकरणलाई बजेटको केन्द्रबिन्दुमा राखिएको छ।

६. वित्तीय सङ्घीयता अनुरूप विभिन्न तह र निकायहरूबाट प्राप्त हुने अनुदान र राजस्वलाई प्राथमिकताका आधारमा वर्गीकरण गरी बजेटका लक्ष्य र उद्देश्य हासिल हुने कार्यक्रमहरूमा लगानी केन्द्रित गरिएको छ। यस लगानीबाट शैक्षिक क्षेत्रको सुधार, भौतिक पूर्वाधारको दिगो निर्माण, कृषि उत्पादनमा वृद्धि, पर्यटन प्रवर्द्धन, स्थानीय रोजगारी सिर्जना र समग्र नगरको सन्तुलित विकास हुने अपेक्षा लिएको छु।

७. रोल्पा नगरपालिकाले सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी र नागरिकमैत्री बनाउने उद्देश्यले पालिका कार्यालय, १० वटै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा ई-हाजिरी प्रणालीलाई व्यवस्थित गर्दै समयपालना व्यवस्थीत गर्दे नागरिकको गुनासो छिटो सम्बोधन गर्न अनलाइन गुनासो प्रणालीलाई थप प्रभावकारी बनाउन बजेटको व्यवस्था गरिएको छ।

८. उपयुक्त नीति, व्यवस्थित योजना र पारदर्शी कार्यान्वयनका साथ अगाडि बढ्दा रोल्पाको चौतर्फी विकास, समृद्धि र सामाजिक न्यायको मार्ग अझ स्पष्ट हुनेमा हामी पूर्ण रूपमा विश्वस्त छौँ।

९. यस बजेटमा नगर सरकारको क्षेत्राधिकारभित्र पर्ने कर तथा गैर-कर राजस्व परिचालन र व्यवस्थापनलाई विशेष प्राथमिकतामा राखिएको छ। निर्धारित समयभित्रै विकास आयोजनाहरूको नतिजामुखी कार्यान्वयन गर्न नगरका महत्त्वपूर्ण पूर्वाधार तथा सेवा प्रवाह सुधारका योजनाहरूलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

१०. बजेटमार्फत स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने, आयआर्जन बढाउने, कृषि तथा पर्यटनलाई उत्पादनमुखी बनाउने, युवा उद्यमशीलतालाई प्रोत्साहन गर्ने तथा अनुत्पादक खर्च कटौती गरी चालू खर्चमा मितव्ययिता अपनाउने प्रस्ताव गरिएको छ।

आदरणीय सभाध्यक्ष ज्यू

## बजेटका उद्देश्यहरू

११. आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट **"**रोल्पा  नगर सुशासन र समृद्धिको आधार**:** कृषि**,** शिक्षा**,** पर्यटन र पूर्वाधार**"** भन्ने नारालाई व्यवहारमा रूपान्तरण गर्ने मूल उद्देश्यमा केन्द्रित रहनेछ। यसका विशिष्ट उद्देश्यहरू निम्न बमोजिम रहेका छन्:

क. शिक्षा क्षेत्रमा रणनीतिक लगानी गरी विद्यालय शिक्षाको गुणस्तर, डिजिटल सिकाइ र विद्यार्थीको नतीजा सुधार उल्लेखनीय अभिवृद्धि गर्ने।

ख. सरल, सहज र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सम्पूर्ण नगरवासीमा सुनिश्चित गर्ने।

ग. कृषि क्षेत्रलाई विशिष्टीकरण, व्यवसायिकीकरण र बजारीकरणमार्फत आयआर्जनको प्रमुख स्रोतका रूपमा विकास गर्ने।

घ. "एक वडा, एक मुख्य पहिचान" को अवधारणाअनुसार प्रत्येक वडाको उत्पादन, सम्भावना र पहिचानमा आधारित व्यवस्थापन गर्ने।

ङ. नगरको संस्कृति र पर्यटन प्रवर्दन गरी आय आर्जन र रोजगार  अभिवृद्धि गर्ने।

च. भालुबाङ–लिबाङ–थबाङ–रुकुमकोट पर्यटकीय सडकलाई पर्यटकीय करिडोरका रूपमा विकास गर्न संघ र प्रदेश सरकार संग सहकार्य गर्ने ।

छ. वातावरणीय दिगोपन, विपद् व्यवस्थापन र जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्ने।

ज. सूचना प्रविधि, ई-हाजिरी, अनलाइन गुनासो प्रणाली र डिजिटल सेवा प्रवाहमार्फत सुशासनलाई बलियो बनाउने।

आदरणीय सभाध्यक्ष ज्यू

## बजेटका मुख्य प्राथमिकताहरू

१२**.** बजेटका मुख्य प्राथमिकताहरू निम्न बमोजिम तोकिएका छन्**:**

क. शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन क्षेत्रको गुणात्मक विकास।

ख. "एक वडा, एक मुख्य पहिचान" मार्फत वडागत सम्भावनाको पहिचान, उत्पादन र व्यवसायिकीकरण।

ग. कृषि पकेट क्षेत्र घोषणा, प्रविधि हस्तान्तरण, उत्पादन वृद्धि र बजार सुनिश्चितता।

घ. प्रतिफलमुखी र गुणस्तरीय भौतिक पूर्वाधार निर्माण।

ङ. स्थानीय उत्पादन, रोजगारी, स्वरोजगारी र उद्यमशीलता अभिवृद्धि।

च. भालुबाङ–लिबाङ–थबाङ–रुकुमकोट  सडकलाई पर्यटन करिडोर र लिवाङ वजनरलाई ट्रान्स हिमालयन हिल स्टेशन विकास।

छ. सेवा प्रवाहमा प्रविधिको प्रयोग, पारदर्शिता र नागरिक उत्तरदायित्व।

ज. विपद् व्यवस्थापन, वातावरण संरक्षण र जलवायु अनुकूलन।

झ. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति तथा लक्षित वर्गको सशक्तीकरण।

नगर सरकारले बजेटका उद्देश्यहरू हासिल गर्न र प्राथमिकता प्राप्त आयोजनाहरू सफलतापूर्वक कार्यान्वयन गर्न सङ्घीय र प्रदेश सरकारसँग निरन्तर समन्वय तथा सहकार्य गर्नेछ। नगरमा उपलब्ध श्रम, सीप, पूँजी, क्षमता र ज्ञानको प्रभावकारी उपयोग गरी रोजगारी सिर्जना गर्न सहकारी, निजी क्षेत्र र समुदायसँगको सहकार्यलाई प्राथमिकता दिइनेछ।

चालू आर्थिक वर्ष २०८२/०८३ को आय-व्यय समीक्षा

१४. आर्थिक वर्ष २०८२/०८३ का लागि कुल रु. ८२ करोड ६३ लाख २५ हजार बजेट प्रस्तुत गरिएको थियो। जसमध्ये चालू तर्फ रु. ६२ करोड ३२ लाख ५८ हजार र  पूँजीगत तर्फ रु. २० करोड ३४ लाख ५३ हजार खर्च हुने अनुमान गरिएको थियो।

१५. नगरसभाबाट स्वीकृत बजेट अनुसार चालू आर्थिक वर्षमा आन्तरिक राजस्व परिचालन तर्फ रु. २ करोड ५ लाख लक्ष्य राखिएकोमा जेठ मसान्तसम्म रु.१ करोड ३६ लाख ३२ हजार सङ्कलन भएको छ। वित्तीय हस्तान्तरणमार्फत प्राप्त हुने अनुदान रकम चालू आर्थिक वर्षको जेठ मसान्तसम्म रु. ५७ करोड ४७ लाख ४६ हजार स्थानीय सञ्चित कोषमा प्राप्त भएको छ।

१६. चालू आर्थिक वर्षको जेठ मसान्तसम्म कुल बजेटको ६०.४२ प्रतिशत खर्च प्रगति भएको छ। जसमध्ये चालू तर्फ ६८.३८ प्रतिशत र पूँजीगत तर्फ ३६.२३ प्रतिशत खर्च भएको छ। यसै गरी चालू आर्थिक वर्षको जेठ मसान्तसम्म रु. १० करोड ८८ लाख ४४ हजार ९२५ सामाजिक सुरक्षा भत्ता बापत वितरण गरि सकिएको छ।

## आगामी आर्थिक वर्ष २०८३/०८४ को आम्दानीका स्रोतहरू

१७. आगामी आर्थिक वर्षका लागि आयको प्रक्षेपण निम्न बमोजिम गरिएको छ:

क. आन्तरिक राजस्व तर्फ: रु.२ करोड ५ लाख आम्दानी हुने लक्ष्य राखिएको छ।

ख. अन्तर-सरकारी वित्तीय हस्तान्तरण तथा नगद मौज्दातबाट: रु.७८ करोड २० लाख ७५ हजार प्राप्त हुने लक्ष्य राखिएको छ।

ग. आगामी आर्थिक वर्षका लागि नगरको कुल बजेट रु ८० करोड २५ लाख ५० हजार  हुने प्रक्षेपण गरिएको छ।

विनियोजित कुल बजेटमध्ये चालू खर्च तर्फ रु.६४ करोड ७९ लाख ९५ हजार  ८०.७४ प्रतिशत र पूँजीगत खर्च तर्फ रु. १५ करोड  ४६ लाख   १९.२६ प्रतिशत हुने अनुमान गरिएको छ।

१८. यसका अतिरिक्त सङ्घीय तथा प्रदेश सरकार र अन्य साझेदार संस्थाहरूका माध्यमबाट समपूरक तथा विशेष अनुदानका सह-लगानी कार्यक्रमहरू प्राप्त हुन सक्ने सम्भावना रहेकाले, त्यसरी प्राप्त हुने बजेटबाट कार्य सम्पादन गर्ने गरी साझेदारी कार्यक्रम अन्तर्गत समेत बजेट प्रस्ताव गरिएको छ।

क्षेत्रगत कार्यक्रम तथा बजेट

१. शिक्षा

१९. सामुदायिक विद्यालयहरूको शैक्षिक एवं भौतिक पूर्वाधार विकास तथा शिक्षण-सिकाइ उपलब्धि अभिवृद्धिका लागि आगामी वर्षलाई शैक्षिक सुधार र डिजिटल शिक्षाको प्रवर्द्धन वर्षका रूपमा अगाडि बढाइनेछ।

२०. विद्यालयहरूमा डिजिटल स्मार्ट बोर्ड, ई-लर्निङ सामग्री, विज्ञान तथा कम्प्युटर प्रयोगशाला सुदृढीकरण, शिक्षक क्षमता विकास, विद्यार्थी प्रतिभा पहिचान, बालमैत्री विद्यालय, पढ्दै-कमाउँदै कार्यक्रम र नवप्रवर्तनमुखी सिकाइ कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

२१. दुर्गम बस्तीका विद्यार्थीको पहुँच, विद्यालयमा नियमित उपस्थिति, छात्रवृत्ति, बालबालिका शिक्षा, अपाङ्गता भएका विद्यार्थीका लागि सहायक सामग्री र विद्यालय पूर्वाधार सुधारलाई विशेष प्राथमिकता दिइएको छ। विद्यालयको खाजामा रैथाने उत्पादनको प्रयोग अनिवार्य गरिएको छ।

२. स्वास्थ्य तथा सामाजिक विकास

२२. रोल्पा नगरपालिकालाई स्वस्थ, सुरक्षित र समृद्ध नगरका रूपमा रूपान्तरण गर्न नगरवासीको स्वास्थ्य सेवामा सहज र सरल पहुँच पुर्‍याउने उद्देश्यले आधारभूत स्वास्थ्य सेवा, मातृ तथा नवजात शिशु स्वास्थ्य, खोप सेवा, पोषण कार्यक्रम, निःशुल्क स्वास्थ्य शिविर र स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धिमा बजेट व्यवस्था गरिएको छ।

२३. गर्भवतीहरुका लागि ग्रामिण भिडियो एक्सरे कार्यक्रमलाई निरन्तरता दिदै सुत्केरी महिला, सुनौला हजार दिनका आमा र बालबालिका, कुपोषण जोखिममा रहेका परिवार, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विपन्न परिवारलाई लक्षित गरी पोषण, स्वास्थ्य बीमा, घरदैलो स्वास्थ्य परामर्श र आवश्यक सहयोग कार्यक्रम सञ्चालन का लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२४. योग र आरोग्यता सम्बन्धी जनचेतना र जागरणका लागि हाते पुस्तिका प्रकाशन गरिनेछ ।

२५. समग्रमा सामाजिक विकास क्षेत्रका लागि रु. ५ करोड ८० लाख विनियोजन गरिएको छ।

३. आर्थिक विकास, कृषि तथा पशुपालन

२६. कृषिका माध्यमबाट नगरपालिकालाई आत्मनिर्भर बनाउने उद्देश्यले उत्पादनमा आधारित अनुदान, व्यवसायिक खेती, पकेट क्षेत्र विकास, कृषि यान्त्रिकीकरण, सिंचाइ, बीउबिजन, प्राविधिक सेवा, कृषि बीमा, सहकारीमार्फत बजार व्यवस्थापन र स्थानीय उत्पादन प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

२७. "एक वडा, एक मुख्य पहिचान" को अवधारणाअनुसार नवप्रवर्द्धन नीतिलाई कार्यान्वयन गर्दै विशिष्टीकरणमार्फत कृषि आय बढाउन वडागत उत्पादन पकेट क्षेत्र घोषणा गरी थप व्यवसायिकीकरण गर्न

आवश्यक बजेट विनियोजन गरिएको छ। विशिष्टीकरण मार्फत कृषि आय बढाउन वडा नं १ माहुरी पकेट २ नं वडा तरकारी पकेट क्षेत्र ,३ नं वडा मकै पकेट क्षेत्र , ४ नं वडा सुन्तला जातको फलफूल पकेट क्षेत्र , ५ नं वडा माहुरी पकेट क्षेत्र , ६ नं वडा मकै पकेट क्षेत्र , ७ नं वडा तरकारी पकेट क्षेत्र ,८ नं वडा आलु पकेट क्षेत्र ,९ नं, फलफुल पकेट क्षेत्र ,१० नं आलु पकेट क्षेत्र घोषणा गरी कृषिको व्यवसायिकीकरण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

२८. कृषि पकेट क्षेत्रहरूमा कृषक समूह, सहकारी, युवा उद्यमी र निजी क्षेत्रसँगको सहकार्यमा प्राविधिक सेवा, आधुनिक उपकरण, तालिम, बीउबिजन, रोग किरा व्यवस्थापन, उत्पादन संकलन केन्द्र, बजार सम्पर्क र मूल्य अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

२९. माहुरी पकेट क्षेत्रहरूमा मौरीपालन तालिम, घार वितरण, मह प्रशोधन, गुणस्तर परीक्षण र **"Made in Rolpa"** ब्रान्डिङलाई प्राथमिकता दिइनेछ। लक्षित वर्गका कृषकहरुलाई निशुल्क महुरीधार वितरण गरिनेछ ।तरकारी र आलु पकेट क्षेत्रमा सिंचाइ, संकलन केन्द्र र बजार पहुँच विस्तार गरिनेछ। मकै पकेट क्षेत्रमा उन्नत बीउ, यान्त्रिकीकरण र मकैमा आधारित मूल्य अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। सुन्तला जातको फलफूल, मसलाबाली तथा फलफूल पकेट क्षेत्रमा बगैँचा व्यवस्थापन, प्राविधिक परामर्श, रोग नियन्त्रण, ग्रेडिङ, प्याकेजिङ र बजार प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

३०. वैदेशिक रोजगारीबाट फर्किएका युवा/युवतीहरूको सीप, अनुभव र पूँजीलाई स्थानीय उत्पादन तथा उद्यमशीलतासँग जोड्न घरफर्क परदेशी कार्यक्रम अन्तर्गत नवप्रवर्द्धन तथा बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

३१. रोल्पा नगरपालिकाको प्रमुख नगदेबालीका रूपमा रहेको हिउँदे तथा वर्षे आलुको उत्पादन, बजारीकरण र मूल्य अभिवृद्धिलाई प्रोत्साहन गर्न आवश्यक अनुदानको व्यवस्था मिलाइएको छ।

३२. खेतबारी क्षेत्रको सिँचाइ सुविधा स्तरोन्नतिका लागि रिचार्ड पोखरी लिफ्ट सिँचाइ आयोजना, पक्की कुलो निर्माण तथा सम्बन्धित पूर्वाधार विकास कार्यलाई प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ।

३३. स्थानीय सम्भावनामा आधारित केरा खेतीको क्षेत्र विस्तार, उत्पादन वृद्धि तथा जातीय विविधीकरणलाई प्रवर्द्धन गर्न उन्नत जातका केराका बिरुवा उत्पादन तथा वितरण गरिनेछ। साथै, उत्पादनशील र अनुकूल नयाँ प्रजातिको परीक्षण उत्पादन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

३४. युवालाई कृषि उद्यम, पशुपालन, स्थानीय उत्पादन, साना उद्योग र घरेलु उद्यमसँग जोड्न सीप विकास, उद्यम परामर्श र स्टार्टअप प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ।

३५. कृषि उद्यमशीलता विकासका लागि कृषि उद्यममा आधारित तालिम कार्यक्रम सञ्चालन गर्न स्थानीय उत्पादनको बजारीकरणलाई सहज बनाउन कृषि हाटबजारको विस्तार गरिनेछ। रैथाने बालीको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

३६. स्थानीय आवश्यकता, बजार माग तथा लक्षित वर्गको रोजगारी र उद्यमशीलता प्रवर्द्धनलाई ध्यानमा राखी मेडपा तथा सामी कार्यक्रमअन्तर्गत मागमा आधारित सीपमूलक तालिमहरू सञ्चालन आवश्यक बजेट विनियोजन गरिएको छ ।

३७. युवा नेतृत्व, डिजिटल सीप, **AI** साक्षरता, भिडियो सामग्री निर्माण, उद्यमशीलता र रोजगारीमुखी तालिम सञ्चालन गरी युवालाई स्थानीय विकासको साझेदार बनाउन आवश्यक बजेट विनियोजन गरिएको छ ।

३८. समग्रमा आर्थिक विकास क्षेत्रका लागि रु. १ करोड ६० लाख विनियोजन गरिएको छ।

४. भौतिक पूर्वाधार विकास

३९. नगरपालिकाको दिगो भौतिक पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र साझेदार निकायहरूसँगको समन्वयमा रणनीतिक सडक, नाली, पुल, भवन, खानेपानी, सिंचाइ र सार्वजनिक संरचनाहरूको निर्माण तथा स्तरोन्नति गर्न बजेट विनियोजन गरिएको छ ।

४०. वडास्तरीय सडक, विद्यालय भवन, स्वास्थ्य संस्था, सामुदायिक भवन, सभाहल, खेलमैदान, खानेपानी आयोजना र साना पूर्वाधार मर्मतलाई आवश्यकताको आधारमा सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

४१. सडकहरूको आकस्मिक मर्मत-सम्भार, खाल्डाखुल्डी व्यवस्थापन र अत्यावश्यक पूर्वाधार सुधारका लागि आकस्मिक पूर्वाधार कोषमा बजेट व्यवस्थापन गरिएको छ ।

४२. ज्येष्ठ नागरिकहरूको भेटघाट, अनुभव आदानप्रदान, सामाजिक सहभागिता तथा मनोरञ्जनका लागि वडा नं. ४ मा ज्येष्ठ नागरिक मिलन केन्द्रको पूर्वाधार निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

४३. चुनारेभिर क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण तथा सौन्दर्यीकरणका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

४४. प्रदेश सरकार तथा रोल्पा नगरपालिकाको साझेदारी र सहलगानीमा समपूरक अनुदानअन्तर्गत धाङ्सी खोला–गर्पा–लिवाङ सडक स्तरोन्नति गर्न २ करोड ४० लाख रकम विनियोजन गरिएको छ ।

४५. स्वच्छ, सुरक्षित र दिगो खानेपानी आपूर्तिको सुनिश्चितताका लागि खानेपानीका मुहानहरूको संरक्षण, व्यवस्थापन तथा संवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

४६. सातदोबाटोस्थित जनयुद्ध स्मृति भ्यू टावरलाई ऐतिहासिक तथा पर्यटकीय केन्द्रका रूपमा विकास गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण, स्तरोन्नति, सौन्दर्यीकरण तथा मर्मत–सम्भारका लागि बजेटको व्यवस्था गरिएको छ।

४७. समग्रमा पूर्वाधार विकास क्षेत्रका लागि रु. १० करोड २४ लाख विनियोजन गरिएको छ।

५. पर्यटन वातावरण तथा विपद् व्यवस्थापन

४८. रोल्पा नगरपालिकालाई सुरक्षित, हरित, व्यवस्थित र विपद्-प्रतिरोधी नगर बनाउन वातावरण संरक्षण, वृक्षरोपण, पहिरो नियन्त्रण, नदी कटान नियन्त्रण, फोहोरमैला व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र विपद् पूर्वतयारीका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

४९. विपद् व्यवस्थापनका लागि स्वयंसेवक परिचालन, आपत्कालीन सामग्री व्यवस्थापन, खोज तथा उद्धार क्षमता अभिवृद्धि, जोखिम नक्साङ्कन र विपद् प्रतिकार्य योजनालाई व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

५०. स्वच्छ, हरियालीयुक्त र सुरक्षित समुदाय निर्माणका लागि टोल विकास संस्था, सामुदायिक समूह तथा स्थानीय युवाहरूलाई सरसफाइ, हरियाली प्रवर्द्धन, विपद् पूर्वतयारी र सार्वजनिक सम्पत्तिको संरक्षणमा

परिचालन गरिनेछ। यसैगरी, वडा नं. १,२, ३ र ४ का बस्तीहरूमा पूर्ण सरसफाइ अभियानलाई अभियानकै रूपमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

६. पर्यटन, संस्कृति तथा स्थानीय पहिचान

५१. "रोल्पा घुम्न आउ" **(Welcome to Rolpa)** जस्ता अभियानमार्फत रोल्पाको पर्यटन ब्रान्डिङलाई सुदृढ गरिनेछ। यसका लागि डिजिटल प्रचारप्रसार सामग्री, वृत्तचित्र, फोटो तथा भिडियो सामग्री निर्माण, स्थानीय उत्पादनको प्रवर्द्धन र होमस्टे क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन्। रोल्पाको ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक पहिचानलाई पर्यटन विकाससँग आबद्ध गर्दै नगरपालिकालाई पर्यटन गन्तव्य स्थलको रूपमा विकास गर्ने नीति अवलम्बन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

५२. भालुबाङ–लिबाङ–थबाङ–रुकुमकोट सडकलाई संघ र प्रदेश सरकारसंग सहकार्य गरी पर्यटकीय करिडोरको रूपमा विकास गरिनेछ। यस करिडोरको मध्यविन्दुमा रहेको सातदोबाटो–लिबाङ बजार क्षेत्रलाई संघ र प्रदेश सरकारसँग सहकार्य गरी "ट्रान्स हिमालयन हिल स्टेशन" का रूपमा विकास आवश्यक बजेट विनियोजन गरिएको छ ।

५३. लिवाङ बजारलाई गुलाब फूलको सौन्दर्य, सरसफाइ, हरियाली, आकर्षक शहरी सजावट, व्यवस्थित सडक, पैदलमैत्री संरचना, सडक लाइट **(Street Light)** पर्यटक सूचना सामग्री र स्थानीय पहिचान झल्किने बजार सजावटसहित विशिष्ट पहिचान बोकेको पर्यटकीय बजारका रूपमा रूपान्तरण गर्ने नगरस्तरीय पर्यटन प्रवर्द्धन समिति गठन गरी समितिको भूमिका प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरिएको छ ।

५४. गुरुङगाउँ सामुदायिक होमस्टे, सातदोबाटो, चुनारेभिर, घामतारा, दार्बोट, प्रभुकुटी, ङर्कबाङ्ग जलाशय, कालिपोखरी, तिलाचौर युद्धक्षेत्र, तामाखानी, ओख्रेनी लगायतका पर्यटकीय, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूलाई सम्भावित पर्यटकीय स्थलहरूको पहिचान, पूर्वाधार विकास, प्रचार-प्रसार र पर्यटन मार्ग निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

५५. सांस्कृतिक पहिचान, लोककला, स्थानीय भेषभूषा, मगर संस्कृति, ऐतिहासिक स्थल र जनयुद्धसँग सम्बन्धित स्मृति स्थलहरूको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

५६. समग्रमा वातावरण तथा विपद् व्यवस्थापन लागि रु. ५० लाख विनियोजन गरिएको छ।

७. युवा तथा खेलकुद

५७. युवालाई उत्पादन, उद्यम, खेलकुद, सूचना प्रविधि र सामाजिक नेतृत्वसँग जोड्ने कार्यक्रम सञ्चालन गर्ने।

५८. नगरस्तरीय खेलकुद प्रतियोगिता, विद्यालयस्तरीय खेलकुद, खेल सामग्री सहयोग, खेलमैदान सुधार र प्रतिभावान खेलाडीलाई प्रोत्साहन गर्ने कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

५९. नगरपालिकाको लोकप्रिय कार्यक्रमका रूपमा रहेको प्राविधिक छात्रवृत्ति कार्यक्रमअन्तर्गत नगरका विद्यार्थीहरूका लागि छात्रवृत्तिको दायरा थप विस्तार गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

६०. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, एकल महिला, विपन्न तथा सीमान्तकृत समुदायको सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

६१. लैङ्गिक हिंसा न्यूनीकरण, सामाजिक विभेद, जातीय छुवाछुत, बाल संरक्षण, ज्येष्ठ नागरिक सम्मान, अपाङ्गता सहायता, सीप विकास, आयआर्जन, कानुनी सचेतना र नेतृत्व विकास कार्यक्रमलाई निरन्तरता दिन बजेटको व्यवस्था गरिएको छ।

६२. सडकमा आश्रित नागरिकहरूको पहिचान, उद्धार, संरक्षण, पुनःस्थापना तथा पारिवारिक/सामाजिक पुनर्मिलन कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

६३ न्यायिक समितिको विवाद दर्ता, सुनुवाइ, मेलमिलाप, निर्णय, कार्यान्वयन तथा अभिलेखीकरण प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउदै वडाबाट गर्न व्यवस्था गरि न्याय सम्पादन, मेलमिलाप प्रक्रिया र कानुनी सचेतना अभिवृद्धिका लागि अभिमुखीकरण, क्षमता विकास तथा अध्ययन–अवलोकन कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिएको छ ।

९. सार्वजनिक सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास

६४. नगरपालिकाको सेवा प्रवाहलाई छिटो, पारदर्शी, प्रविधिमैत्री र उत्तरदायी बनाउन सूचना प्रविधिको प्रयोगलाई विशेष प्राथमिकता दिइएको छ।

६५. पालिका कार्यालय, १० वटै वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा, विद्यालयहरुमा ई-हाजिरी प्रणालीलाई थप व्यवस्थित गर्न तथा नागरिकका गुनासा छिटो सुनुवाइ गर्न अनलाइन गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी वनाउन आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

६६. रोल्पा नगरपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन तथा **LGPAS/LISA** जस्ता सूचकहरूमा प्राप्त उपलब्धिलाई अझ सुधार गर्दै योजना, बजेट, खरिद, सेवा प्रवाह र अनुगमन प्रणालीलाई नतिजामुखी बनाउदै।

६७. डिजिटल नागरिक वडापत्र, GIS आधारित योजना अनुगमन, ई-गभर्नेन्स, अभिलेख व्यवस्थापन, अनलाइन सूचना प्रवाह र सूचना केन्द्रको आधुनिकीकरणलाई प्राथमिकता दिदै।

६८. कर्मचारी क्षमता विकास, जनप्रतिनिधि अभिमुखीकरण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, बजार अनुगमन, खरिद पारदर्शिता तथा नगरपालिका संग संचार कार्यक्रमलाई बजेट विनियोजन गरिएको छ।

६९. स्थानीयस्तरमा नागरिक सहभागिता, सामाजिक उत्तरदायित्व र सामुदायिक स्वामित्व अभिवृद्धि गर्न टोल विकास संस्थाहरूको भूमिकालाई सरसफाइ, विकास निर्माण, सामाजिक अनुशासन, वातावरण संरक्षण, सांस्कृतिक सम्पदाको संरक्षण, सार्वजनिक समस्या समाधान तथा सार्वजनिक सम्पत्तिको संरक्षणसँग आबद्ध गर्दै यसका लागि टोल विकास संस्थाहरूको पुनर्गठन, सुदृढीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ।

७०. सुशासन, सेवा प्रवाह र नतिजामुखी कार्यसंस्कृतिलाई प्रवर्द्धन गर्ने नीति अनुरुप गरिनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी, शिक्षक, विद्यार्थी, खेलाडी, सञ्चारकर्मी, कृषक, पर्यटन व्यवसायी, साझेदार

निकाय तथा उत्कृष्ट करदातालाई सम्मान तथा पुरस्कृत गरिनेछ। साथै, नगरपालिकाका कर्मचारीहरूको कार्यसम्पादनलाई स्पष्ट सूचक, मापनयोग्य नतिजा र सेवा प्रवाहको गुणस्तरसँग जोड्दै कार्यसम्पादन सूचकमा आधारित प्रोत्साहन प्रणाली लागू गर्न आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

७१. समग्रमा सुशासन तथा अन्तर-सम्बन्धित क्षेत्रका लागि रु. १३ करोड ७० लाख विनियोजन गरिएको छ।

१०. आकस्मिक पूर्वाधार कोष

७२. नगर क्षेत्रभित्र आकस्मिक रूपमा आइपर्ने अत्यावश्यक भौतिक पूर्वाधार विकास, सडक मर्मत, खानेपानी, विपद् व्यवस्थापन तथा अन्य भैपरी आउने कामहरूका लागि आकस्मिक पूर्वाधार कोषबाट सम्बोधन गर्ने प्रस्ताव गरिएको छ।

समापन

७३. यसरी समग्रमा रोल्पा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को कुल बजेटको आकार रु. 80 करोड 25 लाख 50 हजार रहने गरी सन्तुलित बजेट प्रस्ताव गरेको छु।

७४. कुल विनियोजनमध्ये चालू तर्फ 80.74 प्रतिशत र पूँजीगत तर्फ 19.26 प्रतिशत खर्च प्रस्ताव गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष पुनः जानकारी गराउन चाहन्छु।

७५. प्रस्तुत बजेट “रोल्पा नगर सुशासन र समृद्धिको आधार: कृषि, शिक्षा, पर्यटन र पूर्वाधार” भन्ने नारालाई व्यवहारमा रूपान्तरण गर्दै कृषि विशिष्टीकरण, गुणस्तरीय शिक्षा, पर्यटन करिडोर विकास, सुशासन, सूचना प्रविधि, पूर्वाधार निर्माण र समावेशी विकासलाई प्राथमिकतामा राखी प्रस्तुत गरेको छु।

७६. मैले प्रस्तुत गरेको यस बजेटको सफल कार्यान्वयनबाट रोल्पा नगरपालिकाको समृद्धि, सुशासन र नागरिकमैत्री विकासको आधार अझ बलियो हुने विश्वास लिएको छु। यसबाट नगरवासीको जीवनस्तरमा प्रत्यक्ष र गुणात्मक परिवर्तन आउनेछ भने नगर सरकारको प्रभावकारिता वृद्धि भई नागरिकले स्थानीय सरकारको सबल उपस्थितिको महसुस गर्नेछन्।

७७. प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आम नगरवासी, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, टोल विकास संस्था, सञ्चारकर्मी, युवा वर्ग र सम्पूर्ण सरोकारवालाहरूबाट रचनात्मक सहयोगको अपेक्षा साथै वडा स्तरमा विनियोजन भएको संक्षिप्त रकम निम्न प्रकार रहेको छ ।

| | |
|---|---|
| वडा नं १ | 45 लाख |
| वडा नं २ | 40 लाख |
| वडा नं ३ | 40 लाख |
| वडा नं ४ | 40 लाख |
| वडा नं ५ | 45 लाख |
| वडा नं ६ | 42 लाख |
| वडा नं ७ | 40 लाख |
| वडा नं ८ | 45 लाख |

| | |
|---|---|
| वडा नं ९ | 53 लाख |
| वडा नं १0 | 53 लाख |

।

७८. अन्तमा, यो बजेट तर्जुमा गर्दा अमूल्य मार्गदर्शन र सुझाव दिनुहुने सङ्घीय तथा प्रदेश सभाका माननीय ज्यूहरू, नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विषयगत समितिका संयोजकहरू, नगर कार्यपालिकाका सदस्यहरू, नगरसभाका सदस्यहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, टोल विकास संस्था, बुद्धिजीवी, नागरिक समाज, विभिन्न सङ्घ-संस्था, निजी क्षेत्र, सञ्चारकर्मीहरू लगायत सम्पूर्ण रोल्पावासीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।
गीता आचार्य
उप-प्रमुख, रोल्पा नगरपालिका
मिति: २०८३/०३/१०

## अनुसूची १ : एकीकृत आय विवरण

आ.व. २०८३/०८४

| क्र.सं. | विवरण / आयका स्रोतहरू | बजेट रकम रु. |
|---|---|---|
| १ | स्थानीय आन्तरिक राजस्व | |
| २ | सङ्घीय सरकार वित्तीय हस्तान्तरण | |
| क | वित्तीय समानीकरण अनुदान | |
| ख | राजस्व बाँडफाँड | |
| ग | समपूरक अनुदान | |
| घ | विशेष अनुदान | |
| ङ | सशर्त अनुदान | |
| ३ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | |
| क | वित्तीय समानीकरण अनुदान प्रदेश | |
| ख | राजस्व बाँडफाँड प्रदेश | |
| ग | समपूरक अनुदान प्रदेश | |
| घ | विशेष अनुदान प्रदेश | |
| ङ | सशर्त अनुदान प्रदेश | |
| ४ | घरजग्गा रजिष्ट्रेशन | |
| ५ | नगर विकास कोष TDF Loan | |
| ६ | गत वर्षको नगद मौज्दात सञ्चित कोष | |
| ७ | गत वर्षको नगद मौज्दात विविध विशेष कोष | |
| ८ | सामाजिक सुरक्षा भत्ता सङ्घीय सरकार | |
| | कुल आय / जम्मा बजेट अनुमान | |

नोट: बजेट रकम तथा आय शीर्षकहरू नगरसभाबाट स्वीकृत आधिकारिक तथ्याङ्कसँग मिलान गरी अन्तिम प्रकाशन गर्नु उपयुक्त हुनेछ।